CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भयङ्कर भूल

दान्तमा भयङ्कर भूल

गंगाराम श्रेष्ठ
विरोध विमर्श विभाग
अद्वैत संस्था, नेपाल।

Nepal Sanskrit University, Belmoeki Campus, Kathmandu

Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदान्तमा भयङ्कर भूल

स्वामी ईश्वरानन्द कविराज कृष्णकान्त
अधिकारी र मुनिलालजीको
लेखमा भएका त्रुटिहरूको
विवेचना

वेदान्त 307

लेखक :
खण्डन चक्र पाणी गंगाराम श्रेष्ठ "अद्वैत रत्न"
सभापति
विरोध विमर्श विभाग
अद्वैत संस्था
(नेपाल)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकः
विरोध विमर्श विभाग
अद्वैत संस्था,
नेपाल ।

सर्वाधिकार प्रकाशकमा सुरक्षित

मूल्यः २।–

पहिलो पटक ५०० प्रति

भाद्र २०३१

मुद्रक
भारती प्रेस
१/१६५ भृकुटीपथ, नारायणगढ चितवन, नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुक्रमणिका

विषय		पृष्ठाङ्क
२. सृष्टिदृष्टिवादको परिभाषा (स्वामी ईश्वरानन्दजीको समालोचना)	–	१
३. "मामनुस्मर युध्य च" को परिभाषा (क कृष्णकान्तजीको समालोचना)	–	१६
४. विवेक चूडामणिको अनुवादमा (श्री मुनिलालजीको भयङ्कर भूल)	–	२६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुई शब्द

अद्वैत संस्था नेपालको परम उदार र पवित्र सिद्धान्त संग प्रायः सबै सज्जनहरू परिचित् छन् साथै सबैले आदरका साथ यसलाई अपनाएकै पनि छन् र फलस्वरूप परमार्थ सत्य अद्वैत ब्रह्म वस्तुलाई आफ्नो निजी सनातन स्वरूप रहेछ भनेर बुझेका पनि छन् ।

संस्था संग परिचित र लाभान्वित हुनुका साथ साथै यस संस्था अन्तर्गतरहेको विरोध विमर्श विभाग संग पनि विद्वान हरू चिर परिचित छन्- आठ वर्षको छोटो अवधिमा यस विभागले विद्वान लेखक हरूको धेरै नै त्रुटिहरूलाई दिग्दर्शन गरी उचित सल्लाह दिएर आएको छ । प्रस्तुत पुस्तिका पनि विद्वान लेखक हरूको लेखमा भएका त्रुटिहरूको संक्षिप्त दिग्दर्शन मात्र हो । यहाँ तीनजना लेखक हरूलाई लिइएको छ । स्वामी श्री ईश्वरानन्दजी संग केही वर्ष अगाडी पनि गोरखा पत्रको माध्यम द्वारा वेदान्तका विभिन्न विषयहरूलाई लिएर वादविवाद भएको हो, उहाँको प्रतिवादमा मैले एउटा पुस्तिका पनि निकालेको छु । कविराजजी संग त वैयक्तिक संस्थागत पनि धेरै दिन देखिको परिचय रहेको छ । उहांले लेख्नु भएको पञ्चदशीको टीकाको एक अनुसाधानात्मक बिवेचना मैले २०२६ सालमा निकालेको हूँ यहाँ अहिले पुनः हाम्रा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिर परिचित लेखक हरूसंग भेट वाद गर्ने सुयोग मिलेको छ । मुनिलालजी संग भने यो प्रथम भेटघाट हो ।

स्वामीजीको र कविराजजीको यहां समालोचना गरिएका लेख वृहद आध्यात्मिक परिषद्को मुख-पत्र विश्वात्म-दर्शन वर्ष २, अंक १ मा प्रकाशित भएका छन् : स्वामीजीको लेख "अद्वैत वेदान्तमा तीनवाद" र कविराजजीको लेख "गीताको मार्मिक उपदेशको एक अंश, मामनुस्मार युध्य च" हो ! मुनिलालजीको त विवेक चूडामणिकै अनुवाद हो । मुनिलालजीको समालोचना गीता प्रेसबाट निस्कने कल्याण पत्रिकामा पठाउने भनेर हिन्दि भाषामै लेखीएको थियो किन्तु पछाडी यी ३ लेखहरूलाई सानु पुस्तिका कै रूप दिने निधो भए अनुसार पुनः नेपालीमा लेखी छापिएको छ ।

आलोचना, प्रत्यालोचनालाई कोही कोही रागद्वेष मूलक भनेर न जाती मान्दछन् वस्तुतः क्रम त्यसको ठीक उल्टा छ । आलोचना, प्रत्यालोचना कसैलाई होंच्याउने वा गिराउने हेतुले गरिदैन अपितु उसको वस्थानको लागी गरिन्छ । प्रायः आफ्नो त्रुटि आफूलाई थाहा हुंदैन, फेरी थाहा हुने हरू मध्य जो आफ्नो दितैषी हुन उसैले मात्र त्यसको दिग्दर्शन गरिदिन्छ नत्र चूप लागेर बसी दिन्छन् जस्ले गर्दा त्रुटिवाट उम्कनुको सट्टा अरू त्रुटि गर्न थालिन्छ । भगवान शङ्कराचार्यजीले कैयौं विद्वान हरूको त्रुटि प्रदर्शन गरेर उनलाई सुधिने बाटो देखाई दिनु भएको थियो मण्डन मिश्र यसमा प्रमाण छन् :- अद्वैतसस्थाले पनि त्यही परम्परा लिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आलोचना प्रत्यालोचनामा प्रमाता अवश्य खिन्न हुन्छ, किनकि प्रमाताको अहंमन्यतामा यसले आघात पुऱ्याउदछ । किन्तु राम्ररी विचार गरेर हेरेको खण्डमा यसले आँखा खोली दिन्छ सही बाटोमा लाग्न सत्प्रेरणा दिन्छ । कठो पनिषदको नचिकेताको उपाख्यानबाट पनि हामीलाईयो कुरा थाहा हुन्छ । नचिकताले आफ्ना पिता उद्दालकको गोदानकममा आलोचना गरे, यसले उद्दालकलाई (प्रभाता लाई) आघात पुऱ्यायो, रीसले आँखै देखेनन् । विचार गरेर हेरेको पक्षमा बालकको भनाई युक्ति युक्त थियो, अनुकरणीय थियो । प्रमातालै मानिसलाई सुमार्गमा हिड्न, गुरुपसत्ति हुन, ज्ञानवान गुरूको अनुशासन पालन गर्न अथवा सन्मित्रको सुझाव मान्न भरसक दिंदैन किनभने यसो गर्दा आफ्नो सर्वनाश हुन्छ, आफ्नो आस्तित्व समाप्त हुन्छ । प्रमाताको विनाशमा नै मानिसको कल्याण हुन्छ, मानिस चिरञ्जीवी हुन्छ, आप्तकाम हुन्छ । अतः म विद्वान लेखकहरू सग प्रमाताभावलाई समाप्त पार्नु हुन सविनय अनुरोध गर्दछु- यसैमा सबैको कल्याण छ र हाम्रो कामना पनि यत्ति नै हो !

हुनत स्वामीजी र कविराजजीको लेख बृहद् आध्यात्मिक परिपदको सिद्धान्तानुकुलै होला, यसमा हाम्रो भन्नु केही छैन; आफ्नो आफ्नो सिद्धान्त विश्वासको कुरो हो । सबैको सिद्धान्त वेदानुकुल हुनै पर्छ भन्ने कोही सक्तैन- (हुनु पर्ने चाही हो) । किन्तु जहां सम्म वेदान्त व्याख्याको प्रश्न छ, त्यो वैदिक चिन्तनको अनुरूप नै हुनु पर्दछ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आचार्य अनुमोदित विचार संग मेल खाएकै हुनु पर्दछ । त्यसो हुन नसकेको लेख वा कृतिहरूलाई विरोध विमर्श विभागले आफ्नो विषय बनाएको छ । विद्वान लेखकहरूले यसलाई अन्यथा संभनु हुने छैन ।–

भौतिक पद–पदार्थहरूमा ज्यादा आशक्त भएका आजभोलिका मानिसको लागी एकासी पद–पदार्थमा हेयता प्रदर्शन सह्य हुँदैन तर यसो भनेर नाशवान र दुःख बहुल पदार्थमा आस्था बढाउने प्रयास पनि विद्वानहरूबाट हुनु हुदैन– यसले सर्वनाश गराउँदछ । उनीहरूलाई एकासी त्यसबाट विन्मुख गराउन पनि सकिन्न । यसैकुरालाई ध्यानमा राखी आचार्य शङ्करले मायावादको परिकल्पना गर्नु भो जस अनुसार पद–पदार्थको उपभोगकालमा पनि माया मूलक भौतिक विकासलाई अन्तरले सत्यताको रूपमा स्विकारेको हुंदैन । फलतः इन्द्रियरूप गुण विषयरूप गुणमा व्यापार गरिरहदा म हरहालतमा ती गुणहरूबाट अलगछु (गीता ३/२८) भन्ने भावना बना रहन्छ । यसैलाई सुमधुर समन्वयको संज्ञा दिइन्छ भने हामीके भनौं ?

अध्यात्मवाद जहां साक्षी भावलाई उडाउने उपदेश दिन्छ [किनकि साक्षीहो सृष्टिको मुहान] त्यहां हामी अध्यात्मवादी हरू समन्वयवाद [अध्यात्मवाद र भौतिक–वादको समन्वय चाहिन्छ भन्ने उपदेश] लाई जनसमक्ष राख्दछौं भन्ने "नेहनानास्ति किञ्चन, द्वितीयाद्वै भयं भवति" आदि वेद वचनलाई हामीले कातसम्म हृदयङ्गम गर्न सकयौं गहिरीएर सोच्नु पर्ने कुरो हो– वेद विरुद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिंड्नामै आफ्नो उत्कर्षता ठानिन्छ भने यसमा पनि ह्रास भन्नु केही छैन । हामी वेदानुकुल धारणाजाई आफ्नो सिद्धान्त बनाई तदनुरुप उपदेश दिनु दिलाउनुमै सबैको कल्याण छ भन्ने ठान्दछौं ।

धन्यवाद !

—लेखक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सृष्टि दृष्टिवादको परिभाषा

[स्वामी ईश्वरानन्दजीको "अद्वैत वेदान्तमा तीन वाद" को समालोचना]

वेदान्तमा आचार्यहरूले अधिकारी भेद स्वीकार गरी अधिकारी अनुसार उपदेशको व्यवस्था कायम गरेका छन् जसो उत्तम अधिकारीलाई अजातवाद, मध्यम अधिकारीलाई दृष्टि सृष्टिवाद र कनिष्ठ अधिकारी लाई सृष्टि दृष्टिवाद । अथवा यसो भने पनि हुन्छ– मोक्षमा ईच्छा राख्नेहरू तीन प्रकारका हुन्छन् (१) तीव्र ईच्छुक (२) विशेष ईच्छुक र (३) साधारणतः ईच्छुक । सुरूमा यी तीनै प्रकारका मुमुक्षु पहिला भूमिकामा आरूढ हुन कै लागी हुन्– उपदेश प्राप्त गर्न थाले पछि ईच्छाको परिमाण अनुसार भूमिकारूढ हुन छिटो र ढिलो हुने कुरो हो– तीव्र ईच्छा हुनेहरू अजातवादलाई टिप्दछन्– साधारण ईच्छा हुने हरू दृष्टि सृष्टिवादलाई टिप्दछन् र अर्कोले दृष्टि सृष्टिवादलाई अगाल्दछन् । भूमिकाका प्रभेदानुसार उपरोक्त तीनवादहरू चुनेर उपदेश दिइने होइन, प्रथम भूमिकाको लागी सृष्टिदृष्टिवाद, दोश्रो भूमिकाको लागी दृष्टिसृष्टिवाद र तेश्रो भूमिकाको लागी अजातवादको उपदेश दिइनु पर्छ भन्ने भनाइ हो कि ? "कुन भूमिकाको हो" भन्ने प्रयोगले यही बुझिन्छ । भूमिका भन्नु र अधिकारी भन्नुमा टुप्पी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाल्नु र फाल्नुमा जति फरकछ करीब करीब त्यत्तिकै फरक हुन आउछ ।

एउटा कुवाको भ्याकुतोले आफ्नो त्यो सानु कुवालाई नै महासागर ठान्दथ्यो, अरू कसैले महासागर घेरै ठूलो छ भन्दा मरे पत्याउँदैनथ्यो । त्यसरी नै अत्याधुनिक तथाकथित ससारशक्त सुधिहरू वेदान्तको उत्तमोत्तम सिद्धान्त अजातवाद र दृष्टिसृष्टिवादलाई भन्दा सृष्टिदृष्टिवादलाईनै ठूलो सझन्छन् ।

संसारमा तोत्र ईच्छा हुनुको प्रमाण के छ त ? भन्दा विना विलम्ब भन्न सकिन्छ सृष्टिदृष्टिवादमा प्रेम । यो नै हो ज्वलन्त प्रमाण । जो मानिस हृष्टपुष्टछ उसले पेटभरी खांदो रहेछ भनेर जान्नु पर्दैछ हृष्टपुष्टता हो पेटभरी खानुको प्रमाण । संसाराशक्त मानिस आडम्बरि वेदान्ती हुन सक्तछन्; सच्चा वेदान्ती हुन सक्तनन् । ससारको आशक्ति र वेदान्त बाघ-बैरा हुन् । एउटा पूर्व फर्केको छ त अर्को पश्चिम् । यस्तालाई उपदेश भालुलाई पुराण बराबर हो । दुगालाई सय घप पानी भित्र राखे पनि त्यसको भित्र भिज्दैन- त्यस्तै ससाराशक्त मानिस चाहे चतुर्थ आश्रमी होस्, चाहे कैलाश वासी होस्, चाहे भोकै बसोस, चाहे सबै कुरा पढोस वा जे सुकै गरोस् तापनि त्यसको हृदय शितल कहिल्यै हुँदैन । यी सब कृया कलाप उसको आडम्बर मात्र हो- आत्मकल्याणको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हेतु होइन ।

वस्तुतः जसले ब्रह्मलाई आफ्नो स्वरूप भनेर बुझेको छैन वा ब्रह्मलाई आफू देखी अलग भनी ठान्दछ, संसारलाई सांचो भनी ठान्दछ त्यस पाखण्डिले गरेको श्रवण, मनन र निदिध्यासन वा संपूर्ण मानवोचित कर्म भूस माथिको लिउन हो । भगवान शंकरले त्यसलाई "आत्महा" भन्ने उपाधि दिनु भएको छ ।

अजातवादी एक पारमार्थिक सत्ता मान्दछ, दृष्टि-सृष्टिवादी पारमार्थिक र प्रातिभासिक सत्ता मान्दछ र सृष्टिदृष्टिवादी पारमार्थिक, प्रातिभासिक र व्यावहारिक सत्ता मान्दछ ।

वस्तुतः सृष्टिदृष्टिवादीको पनि संसारमा सुमधुर भाव हुंदैन किनकि यिनी वेदान्तका मानिस हुन्- संसार पोल्टामा राखेर वेदान्तको खोज अन्धाको हात्ती-निर्णय भैं मात्र हो । अन्ततः सृष्टिदृष्टिवादी पनि त मोक्षाभिलाषी नै हुन् नि ! कुरा के भने यिनको संसारतिर अरूको भन्दा अलि बढ़ता झुकाव छ । यो झुकावलाई परिसमाप्त गर्न आचार्य शंकरले सृष्टिदृष्टिवादलाई व्याख्या गर्नु भो ।

गीतामृत प्रमाण तात्पर्य टीकामा गुरुदेव ब्रह्मनिष्ठ डा. क्षितीशचन्द्र चक्रवर्त्तीज्यूले अधिकारी भेदलाई चित्रद्वारा यसरी स्पष्ट गर्नु भएको पाइन्छ :-

(पृष्ठ ४१०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अधिकारी भेदले ज्ञानप्राप्तिको साधन क्रम चित्रद्वारा यस प्रकार देखाइन्छ

अधिकारी (१)	वाद (२)	सत्ताको प्रकार (३)	विनियोग (प्रयोजन) वा उद्देश्य (४)	चित्त भूमिका (५)	साधन (६)	शास्त्र (७)	फल (८)
उत्तम अधिकारी (विशुद्ध अन्त:करण)	अजात वाद	एक पारमार्थिक सत्ता	अद्वैत आत्म तत्वको ज्ञान	चित्त चैतन्य स्वरूप-देखि अभिन्न	आत्मतत्वको श्रवण-पूर्वक विवेक र अनात्म दृश्यको निरसन अपवर्ग-योग (ज्ञानयोग-ज्ञान-मार्ग) गीता १५।१ श्लोक टीका १५।१६ श्लोक	माण्डूक्यकारिका यो वाशिष्ठ गङ्कर वेदान्त	प्रतिबन्धरहित मोक्ष
मध्यम (शुद्ध अन्त: करण)	दृष्टि सृष्टि वाद	सत्ता; दुई प्रकारको	जीव र ईश्वरको ऐक्य ज्ञान	चित्तको मिथ्यात्व	जगत्को मिथ्यात्व निश्चय (विचार) ज्ञान-योग (ज्ञानसमाधि) (गीता १४।२६ टीका)	वाशिष्ठ र शाङ्कर वेदान्त	प्रतिबन्ध नाशपूर्वक ब्रह्मज्ञान (मोक्ष)
कनिष्ठ (अशुद्ध अन्त: करण)	सृष्टि दृष्टि वाद	सत्ता। तीन प्रकारको	चित्तको स्थैर्य	चित्त हो सांघो	चित्तवृत्ति निरोध राजयोग (योग समाधि) गीता ६।१८ टीका	पातंजल योग	आवरण (प्रतिबन्ध) सहित आत्मज्ञान (वासना क्षय भए ब्रह्म ज्ञानप्राप्ति-द्वारा कालान्तरमा मुक्ति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सृष्टि दृष्टिवादीको भूमिका ससारी भूमिका हो भन्ने कुरा स्पष्ट देखिन्छ– यिनको चित्त विशिष्ट भाव संधै रही नै रहन्छ । सुनको साङ्लालेनेल हाल्नु र फलामको साङ्लालेनेल हाल्नु जस्तिकै फरक हो ससारी मानिसमा र सृष्टिदृष्टिवादीमा । सुन र फलाममा फरक होला तर बन्धनको दृष्टिकोणमा के फरक भो र ? किनकि सृष्टि दृष्टिवादीहरू सृष्टिलाई साँचो मानी त्यसबाट दृष्टि हटाउन खोज्दछन्– यसैलाई 'योग' भनिन्छ । दृष्टि (अविद्या या सकल्प) बाट नै सृष्टि उत्पन्न भएको हुनाले अविद्याको निवृत्तिलाई 'ज्ञान' भन्दछन् । (गीतामृत प्र. ता. टी. पृष्ठ ४-३) । त्यसैले योगले ब्रह्मज्ञान हुँदैन– यसलाई हामी तलको उल्लेखबाट यस्को हेतु सहित स्पष्ट बुझने छौं :– हाम्रा पूज्य गुरुदेव शिवराम पुरुषोत्तमानन्द (डा. अक्रवर्ती) ज्यू लेख्नु हुन्छ :—

"पतञ्जली स्वरूप ज्ञानको विषयमा भन्नु हुन्छ– जब सारा चित्त वृत्तिको निरोध हुन्छ तब द्रष्टा (ज्ञाता आत्मा) सारा वृत्तिरूप प्रतिबन्धकको अभाव भएको हुनाले– आफ्नू यथार्थ स्वरूपमा अनुभूत भै हाल्छ । निर्विकल्प समाधि अवस्थामा आत्मस्वरूप प्रत्यक्षरूपले स्वयंज्ञात हुन्छ । यो अपरोक्ष अनुभव या ज्ञान समाधिको समीपस्थ हो । तर पातञ्जल निर्विकल्प समाधि देखी ज्ञान समाधि (ब्रह्मस्वरूपको अपरोक्ष अनुभूति) हो भिन्न (जस्तो सुषुप्ति ज्ञानको समीपस्थ भैकन पनि ज्ञान देखि भिन्न हो) । निर्विकल्प समाधिमा अनात्मा देखि पृथक रूपले आत्म स्वरुपको (त्वं पदार्थ मात्रको अखण्डार्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मको हैन) अनुभव हुन्छ । संयम र विवेक ख्यातिको सहाराबाट वृत्ति निरोध पूर्वक आत्म स्वरूपमा अनात्म प्रपचको लय साधित हुन्छ । आत्मा देखि भिन्न रूपले वास्तव (अनात्म) जगत रही रहन्छ । वृत्ति निरोध-बाट जगतको परिहार भएतापनि आत्मस्वरूपमा उसको आत्यन्तिक अभाव साधित हुँदैन, किनकि जगतलाई अभाव गरेको जो अहंकार हो त्यसको अभाव गरिदैन । राजयोगको समाधि हो लय समाधि, ज्ञानयोगको समाधि हो बाध समाधि । ज्ञान समाधिमा (निरावरण स्वय प्रकाश ज्ञान स्वरूप) आत्म सत्ता देखि भिन्न दृश्य सत्ताको अभाव साधनमा मिथ्यात्व निश्चय (मार्जन) हुन्छ, आत्म सत्ता मात्र स्वयं प्रकाशित रहन्छ । पातञ्जल समाधिमा आत्मा अनात्म प्रपंच देखि पृथक स्थित भैकन प्रपञ्चलाई परिहार गर्छ र "केवल" (अनात्मा देखि भिन्न) भएर स्थित हुन्छ- यसैको नाम हो "कैवल्य" । यसरी मोक्ष (प्रपच देखि अलग रहनु) र विवेक ज्ञान-प्रक्रियाबाट उत्पन्न हुन्छ- त्यसकारण त्यो मोक्ष नित्य हैन ।

दृश्यको असत्ता साधित नभएको हुनाले (दृश्यको अत्यन्ताभाष नभएको हुनाले किम्वा वासनाको क्षय नभएको हुनाले र द्रष्टाभावको अभाव नभएको हुनाले) यो निर्विकल्प समाधि मोक्षप्रद अपरोक्ष ज्ञान हैन (किन्तु अभाव वृत्ति मात्र हो) यो कुरा योग वाशिष्ठमा बता-एकोछ । निरुद्ध भएतापनि ज्ञाता (अहंकार) र ज्ञेय (प्रपच) अति सूक्ष्म दृश्यरूपले विद्यमान रहन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(चित्त नष्ट हुंदैन) यसकारण समाधिबाट व्युत्थान हुन्छ । (गीतामृत प्र. ता. टी. २।७१ को शेष भाग द्रष्टव्य)

वशिष्ठ भन्नु हुन्छ– योगीको चित्त चेतनलाई लीकन (अर्थात् चित्त वृत्तिको हेतु वासना चित्तमा राखिकन) समाधिमा स्थित हुन्छ (वृत्तिको तत्कालिक अभाव हो समाधि) समाधिमा वृत्ति रहंदैन ।

निर्विकल्प अवस्थामा जगत्को अभाव हुन्छ । चित्तको वृत्ति नफुरे– तापनि अभाव वृत्ति रही रहन्छ । यसकारण सम्यक् बोध (अपरोक्ष ज्ञान) को नाम हो निर्विकल्प । द्रश्यको अत्यन्त अभाव भए (अर्थात अभावको पनि अभाव भए) मुक्ति सिद्ध हुन्छ । आत्मानुभव देखि भिन्न कुनै उत्थान जब रहदैन, अभाव कर्ता अहंकारका पनि जब अभाव हुन्छ तब चित्त नाशको साक्षीरूपले आत्मा परिशिष्ट रहन्छ । आत्मा हो अद्वितीय र जगत् अलिकति पनि छैन, यस्तो जान्नुको (सम्यक् साक्षात्कारको) नाम हो ब्रह्मज्ञान ।

विक्षेपको अभाव भएमा नै वस्तु स्वरूपको ज्ञान हुँदैन, किन्तु आवरणको अभावलाई सम्पादन गर्नु आवश्यक छ । आवरणको (अज्ञानको) अभाव भए (अर्थात् स्वरूपको यथार्थ ज्ञान भए अरूबाट देखिएको विक्षेप केही हानी गर्न सक्तैन । वास्तवमा आवरणको निःशेष निवृत्ति नभए विक्षेपको अभाव हुंदैन । चित्तको विकल्परूप सारा द्रश्यको निरसन नभए आत्मा निराव-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रण भएर सम्यक प्रकाशित हुँदैन । (गीतामृत प्र. ता. टी. पृष्ठ ३६८-४००)

"राजयोगको समाधि हो निरोधको परिणामले उत्पन्न भएको चित्तको निरुद्ध भूमिका र दृश्य- देखि तत्कालमा अलग भएको द्रष्टा स्वरूपको अनुभव । विक्षेपकारा (बहिर्मुख) सारा वृत्तिको अभाव भएको हुनाले विक्षेप जनित दुःखको निवृत्ति भएको हुनाले स्वरूप आनन्दको अनुभव हुन्छ, दुःखको निवृत्ति भए आनन्दको अनुभव हुन्छ तर यो सारा उपाधि रहित ब्रह्मानन्दको अनुभूति हैन, किनकि बुद्धि अन्तर्मुख भए तापनि दृश्यको वासना रहेकोले वृत्ति ब्रह्माकारमा आकारित हुन सक्तैन । स्वयप्रकाश ब्रह्मात्मस्वरूपको अपरोक्षानुभूति भए सर्वदा परमानन्दको अनुभव हुन्छ (यस्तो ज्ञान समाधिबाट कहिले पनि व्युत्थान हुँदैन)"

(पृ० ४०१)

"त्वं पदार्थ मात्र विषयक समाधिबाट योगीको व्युत्थान भए पछि त्यो दृश्य जगतलाई वास्तव भनी जान्दछ किनकि त्यसको वासना क्षय (अर्थात् अज्ञान नाश) हुंदैन । ज्ञानीको निमित दृष्ट जगत् आविद्यक (प्रातिभासिक) भनी प्रतीत हुन्छ । ..... अर्थात् तिनी द्रष्टा बनिकन दृश्यको परिहार गर्नुको लागी यत्नवान हुंदैनन् । यसरी योगी र ज्ञानीमा महान भेद विद्यमान छ ।

(गीतामृत प्र. ता. टी.- पृ० ४०२)

"लयमुख समाधिमा अज्ञानको कार्य- चित्त वृत्तिरूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विक्षेपको निवृत्ति भएतापनि नामरूपको संस्कार (अज्ञान वृत्ति) तब सम्म पनि रहन्छ । यसकारण अज्ञानको आवरण शक्ति रहि रहेको हुनाले अनावृत अखण्ड (भित्र बाहिर भेद वर्जित) आत्म स्वरूपको ज्ञान (साक्षात्कार) उदित हुँदैन ।

वृत्ति निरोध र आत्मलाभ एकै कुरा हैन । आत्मलाभ भए वृत्ति निरोध हुन्छ तर वृत्ति निरोध भएर मात्र आत्मलाभ हुदैन । वृत्ति निरोध भित आत्माको कुनै सम्बन्ध छैन– आत्मा हो बुद्धि देखि माथि अवस्थित ।

वृत्ति निरोध भन्ने कुरा बुद्धि सम्म पुग्छ, त्यसबाट विक्षेप जनित दुःखको निवृत्ति मात्र हुन्छ, तर परम सुखको लाभ हुदैन । आत्मा नै हो परमानन्द स्वरूप, त्यै हो सर्वभाव देखि अतीत । परमसुख (निःश्रेयस या कल्याण) लाभ गर्नलाई बुद्धि देखि पनि माथि पुग्नु पर्छ– आफ्नू ब्रह्मस्वरूपमा पुग्नु पर्छ । जहां चित्त भन्ने, वृत्ति भन्ने, निरोध भन्ने अथवा विक्षेप भन्ने केही कुरा छैन त्यहां पुग्नु पर्छ । त्यो हो अनावृत परिशिष्ट निज निर्विभाग स्वरूप ।

बाधमुख समाधिमा - सारा द्वैत प्रपंचको मिथ्यात्व निश्चयबाट अधिष्ठानरूप पारमार्थिक सत्य अद्वैत ब्रह्मको अनुभव स्वतः हुन्छ । जस्तो रज्जुमा सर्प अभिन्नरूपले प्रतीत भैराखे तापनि सर्पको मिथ्यात्व निश्चय (बाध) द्वारा रज्जुको ज्ञान हुन्छ, त्यस्तो ईश्वर रचित जगत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अधिष्ठान ब्रह्ममा प्रतीत हुन्छ तापनि त्यसको मिथ्यात्व निश्चय भए पछि पारमार्थिक सत् अद्वैत निज नित्य ब्रह्म-स्वरूपको उपलब्धि हुन्छ । आफू देखि भिन्न सारा द्वैत प्रपचको बाध (मिथ्यात्व निश्चय) भए पछि प्रपच प्रतीतिको उपशान्ति (निवृत्ति) हुन्छ । त्यो निवृत्ति पछि आफ्नू यथार्थ स्वरूप नै सत्य रूपले अवशिष्ट रहन्छ-परमात्मा नै आत्मभावले या साक्षीरूपले स्वय प्रकाशित भै हाल्छ ।"

(गीतामृत प्र. ता. टी. पृष्ठ ४०४-४०५)

"योगले आत्म साक्षात्कार हुन्छ ?" शिर्षक लेख द्रष्टव्य (ज्ञानसर्वस्व पृ० १४७)

उपरोक्त उक्तिहरूबाट स्पष्ट बोध हुन्छ कि यद्यपि सृष्टि दृष्टिबादी मोक्ष मार्गका पथिक हुन तथापि यो ग्राह्यता दुर्जन सन्तोष न्याय अवलम्बन मात्र हो ।

श्री बटुकराज उपाध्यायज्यूले कनिष्ठ अधिकारी बारे लेख्नु भएकोछ :-

"जाग्रतको विचार कनिष्ठाधिकारीले लागी राखिएको हो । स्वप्नमा र सुषुप्तिमा गति नभएका अधिकारीहरू यस मार्गका पथिक हुन् । अविद्या अन्तःकरण यिनका निमित्त सत्य पदार्थ हो । जगत् यिनका निमित्त झूटो होइन ।

अन्तःकरणलाई सच्चा मानी अन्तःकरणमा टांसिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(विशिष्ट) यो जीव बहिर्मुखता र चञ्चलताले गर्दा नाना देखि रहन्छ । यसमा यसको दृढ सत्यत्व बुद्धि स्वप्न र सुषुप्तिमा अवगाहन गर्न सक्तैन । यो जाग्रत कोटीको जीव हो । जाग्रत कोटीको भन्नु हो मोटो बुद्धि हुनु । जगतलाई सच्चा सम्झनु या सदा अलमलमा परी रहनु ।

विचार सागर, समाधि षट्क आदि सिद्धान्तका लेखहरू नै कनिष्ठ अधिकारीको कल्याणार्थ श्री पुरूषोत्तमानन्द ज्यूले राख्नु भएको देखिन्छ ।"

प्रायः योगी सन्यासीहरूमा अंहभाव ब्यादा मोटाएर रही रहने हुनाले वेदान्तको उत्तमोत्तम वादमा पाइला टेक्नु अत्यन्त कठिन मात्र हैन असंभव प्रायः देखिन्छ साधारण जन, गृहस्थ आदिको लागी अजातवाद र दृष्टि सृष्टिवाद सुगम हो किनकि यिनीहरूको अंहभाव उत्तीको माटाएको हुंदैन, गुरुको उपदेश सुन्नासाथ यिनीहरू वास्तविकतातिर बढी हाल्छन् ।

दृष्टि सृष्टि वा अजातवादी भए पछि मुमुक्षु चांडै ज्ञानी हुन्छन्- ज्ञानी भएपछि अकर्मण्यता बढ्न जान्छ यसैले छिटो ज्ञानी बन्न पनि हुंदैन त्यस्तो उपदेश दिनु पनि ठिक छैन- अलमलमा परी, पारी राख्नु पर्छ । यसैले सृष्टि दृष्टिवाद नै संझन र संझाउन सुलभ र सामञ्जस्य पूर्णछ भनी जिज्ञासा उठ्न सक्तछ ।

यहाँ बुझनु पर्ने के छ भने- जो ज्ञानस्वरूप आत्मा नै भै सकेका छन् तिनलाई ज्ञानी भनिन्छ । शरीरलाई ज्ञानी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनिंदैन । कर्म शरीर, वचन, मन, ईन्द्रियं र ईन्द्रियका अधिष्ठातृ देवताबाट हुन्छ । आफ्नो स्वरूपमा अबाधित निष्ठा भएर पनि शरीरले (उक्त ५ वस्तुले) काम गरी नै रहन्छ । यसमा के विरोध पऱ्यो र ? संसारी भए मात्र काम हुने असंसारी भए कामै नहुने कुरो होइन । राजा जनकले, भगवान श्री रामले, भगवान श्री कृष्णले त्यस्तै अरु धेरै ज्ञानीले पनि सारा काम काज सम्पन्न गरेकै छन् । के तिनीहरूले अज्ञानी भएर काम गरे ? त्यस्तो होइन । उनीहरूको ईश्वर सृष्ट प्रपञ्चमा सत्यता बुद्धि हुँदैन । यो सत्यता बुद्धिलाई जीव सृष्टि भन्नु शास्त्र सम्मत हैन किनकि जीवमा सृष्टि गर्ने क्षमता छैन; नत्र सृष्टिकर्ता र जना भै हाल्छ– यो साधुमत हैन । ईश्वर सृष्ट वस्तुमा जीवले कल्पना गर्दछ यसैले जीवको सत्यत्व कल्पना बन्धनको हेतु हो । [मेरो पञ्चदशी : एक अध्ययन र श्री अनन्त स्वामी अखण्डानन्द सरस्वतीजीको माण्डूक्य प्रवचनको समालोचना हेर्नु होला ।]

जहाँ सम्म श्रवण, मनन र निदिध्यासनको प्रसंग छ यसलाई साधक वा उपदेशकहरूले विशेष बुझ्नु पर्दछ । मानिस झट् लेख्छौ हाल्छ श्रवण, मनन, निदिध्यासन । आचार्य शंकरले श्रवणबाट मात्र मुक्ति प्राप्त हुने कुरा बताउनु भएकोछ । यसबाट श्रवणलाई वस्तु तन्त्र र मनन र निदिध्यासनलाई पुरूषतन्त्र भनेर मान्नु पर्दछ । किनकि मनन, निदिध्यासन उपासना कोटीको कुरो भएकोले पुरुषको अधिनको कुरा हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आचार्य शंकर अवैदिक मतवादलाई पराभव गरी अद्वैतवादलाई स्थापना गर्नको लागी अवतरित हुनु भएको हो। लोक संग्रहको लागी होइन– अवतार लोक संग्रहको लागी हुंदैन, यथार्थता प्रतिष्ठापनको लागी हुन्छ। बाँकि उहाँको शरीरबाट अमर्यादित कार्य हुँदैन; कदाचित मैहाले तापनि उहां दोषको भागी हुनु हुन्न; आधुनिक यति-हरूका शरीरबाट कसैगरी असमर्यादित काम नभएतापनि कर्ताभाव रूपी पिशाचलाई हृदयमा पाली पोसी राखेका हुनाले सधै दोषको भागी बनी रहन्छन्। फलतः हृदयमा जाज्वल्यमान आत्मवस्तुको अनुभवको सट्टा भौतिकवादको सुमधुर तरंग तरंगित भै रहन्छ, लइलहाई रहन्छ [यही हो पुरु-पापराध]। यही नै हो आधुनिक वेदान्तीहरूको विशेषता; नत्र कहाँको सृष्टि दृष्टिवादको अनुसरण पूर्वक चित्तवृत्तिको निरोध र कहांको समन्वयानन्द!

दूरदर्शी भनेको पछि सम्मको विचार गर्न सक्नु हो। दूरदर्शी उपदेशकहरू झट्ट हेर्दा पुष्पित रूख भैं शोभा युक्त र सुमुधुर भएतापनि पद पदार्थ युक्त भौतिक संसार पट्टि मुमुक्षुलाई प्रवृत्त नगराईकन– (किनकि यसले "पुनरपि जननं पुनरपि मरणं" छुटदैन)– पुनः संसृति चक्रमा पर्नु नपर्ने मार्ग अजातवाद वा दृष्टिसृष्टि वादको नै उपदेश दिन्छन्। मोटा दृष्टिले हेर्दा मोटा बुद्धि भएकालाई यो उपदेश तीतो लागे तापनि दूरदर्शी गुरुहरू बाट दिइएका यो उपदेशले कसैलाई पनि अन्योलमा पार्दैन बरू अदूरदर्शी जो सामुन्ने मात्र दृष्टि भएका छन्–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भविष्य के हुन्छ भनेर बुझ्न सक्दैनन् तिनीहरू संसारको सरसता तिर आफू झुक्नाको साथै साधकलाई पनि झुकाउदछन् । यि अदूरदर्शी, अपारगामी उपदेशकहरूको दृष्टि " यावज्जीवेत् सुख जीवेत् ऋणं कृत्वा, घृतं पिवेत्" को समकक्ष हो- भौतिकवादको चाहना र सरसता यसकुरालाई परिपुष्टि गर्दछ ।

नत्र यो कुरा मान्नै पर्दछ कि पूर्व-पूर्व जन्म देखि शुभ कर्म गर्दै आएकोले अहिले साधक माथि त्यही पुण्यको तारतम्यले ईश्वरको अनुग्रह भएको छ, र त्यस अनुग्रहले मानिसमा अद्वैत वासना उदित हुन आएको छ (ईश्वरानुग्रहादेव पुसामद्वैत वासना) । त्यस शुभ कर्मले गर्दा साधकको स्वाभाविक झुकाव पनि सदाचार पट्टि नै हुन्छ, पापाचार पट्टि हुँदैन । यसको विपरीत जसको अद्वैत वासना छैन उसले पूर्व-पूर्व जन्ममा अशुभ कर्म मात्र गरेको छ र त्यसले गर्दा अहिले उसमाथी ईश्वरको अनुग्रह छैन, यसले गर्दा उत्तम आश्रमी या उत्तम कुलमा जन्म भएर पनि मानिसवाट असदाचार नै भै रहेको हुन्छ वा उसको झुकाव सदाचार विरूद्ध भै रहन्छ, ससार पट्टि नै झुकाव भै रहन्छ । ससारको सुमधुरता पट्टी आकर्षण हो ईश्वरको कोपको चिन्ह । किनकि श्रुति भगवतो द्वेतलाई सहनु हुन्न । किनकि द्वितोयमा भय हुन्छ । यसैले द्वितीय – दृष्टि सम्पन्न पुरूषलाई पशुको संज्ञा दिइएको छ । पशुहरू स्वभावैले अदूरदर्शी हुने गर्दछन्– नत्र छिन छिनमा हराई रहने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसार, आगमापायी संसार, सदा व्यतिरेक मै रहने संसारलाई को बुद्धि भएका वा दूरदर्शी मानिस सुमधुर भनेर ठान्ला ? अथवा उज्यालो र अध्यारोलाई एकै ठाउँमा राख्न को प्रयत्नशील होला ? भौतिक सुख सम्पन्न गरेका हुँदाएका पाश्चात्य सुधिरूले भौतिकवादले तृप्ति (सुख शान्ति) नहुने निर्धा गरी अध्यात्मवादतिर कोल्टे फेरी सकेकाछन् । नाटककार शेक्सपियर ज्यूले संसारलाई स्वप्न जस्तै भन्न डराएनन् (The World is but a dream). ईमान्युएल क्यान्टले कर्ता भावलाई (विज्ञानमयलाई) नाघी गए भने हाम्रा उत्तम हिन्दू संस्कृति सम्पन्न, प्राच्य दर्शनमा डुप्पी सम्म डुबी राखेका सुधिहरू प्रातिभासिक सत्तालाई स्वीकार गर्न थर थर कांप्दछन्- या सांचिकै दुःखको कुरो हो ।

[गीता तात्पर्यमा स्वामीजीले लेख्नु भएको पराभक्ति, नैष्कर्म्य सिद्धि र ब्रह्मज्ञान; प्रारब्ध र पुरुषार्थ बारे र वेदान्त वार्तामा ज्ञानी भक्त र आत्मारामी मुनी बारे र भक्ति प्रसंगमा अनन्य भक्ति बारे लेख्नु भएको लेख शास्त्र समन्वित छैनन्- पराभक्तिको स्वरूप र उपयोगिता, प्रारब्ध र पुरुषार्थको आवश्यकता र दुइटामा भेद, ज्ञानी र ज्ञानी-भक्तमा पार्थक्य, अनन्य भक्तिको स्वरूप बारे हामी अर्को संस्करणमा लेख्ने छौं ।]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८६५२

"मामनुस्मर युध्य च" को परिभाषा

[क कृष्णकान्त अधिकारीज्यूको "मामनुस्मर युध्य च" को समालोचना]

बृहद् आध्यात्मिक परिषदको मुखपत्र वर्ष २, अंक १ हेर्ने सुयोग मिल्यो । यस अंकले बोकेर ल्याएको लेख-माला हेर्दा एकजना विद्वानको लेखमा गएर आँखा अड्यो- "मामनुस्मर युध्य च" ।

विद्वानहरूको लेखले सुसज्जित यो पत्रिका जति गहकिलो हुनु पर्ने थियो उति भएन । यसो हुनामा कारण हो लेखकहरूको अनुभूतिमा कांचोपना । यसैले गर्दा प्रयुक्त प्रसंग आपसमा असमन्वित हुन पुग्दछन् । जस्तो :- पृष्ठ ३६ मा कविराजज्यूले लेख्नु भो- "शोक हो मान-सिक चिन्ता, मोह हो अविवेक, आफ्नो वास्तव स्वरूप को विस्मरणको नाम- जसलाई आवरण भन्छन् । मोह (आवरण) हुनासाथ चिन्ता (विक्षेप) भइ हाल्छ । म का हूं भन्ने विवेक भएन भने देहादिमा अहं बुद्धि दृढ भएर नाना प्रकारका चिन्ता कामनाहरू उठ्न थाली हाल्छन् । मानव जाति शरीरादिमा अहंबुद्धि कायम राखेर चिन्ता निर्मूल बनाउन प्रयत्नशील भएको देखिन्छ । तर यो सम्भव हुने कुरा होइन । क्षणिक चिन्ताको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निवृत्ति भए पनि देहमा अहं बुद्धि रहे सम्म मानसिक दुःख कष्ट व्यामोह बनी रहन्छ । यो सत्य सिद्धान्त हो ।"

यस कथनले यस्तो चित्र तयार पार्दछ

शोक (चिन्ता)

मोह (अविवेक)

↓

अहंकार (अहबुद्धि)

↓

नाना प्रकारका दुःख चिन्ता

"वीर अर्जुनलाई पनि मोह र शोकले दबायो यसको कारण हो म फलानु हुं र राज्य गुरु, पुत्र मित्र, मेरा हुन् भन्ने भ्रान्ति जनित अहं मम (म र मेरो भन्ने) भाव यसैले गर्दा शरीरका सम्बन्धी जनहरूमा हुने स्नेह र उनीहरू संग हुने संभावित वियोग उनीहरूताई मार्नुवाट हुने पातक, लोकको निन्दा आदि कारणले शोक र मोह उत्पत्ति भएको स्पष्ट देखा पर्छ । शोक र मोह संसारको कारण हुनाले महा-महिम स्वधर्मनिष्ठ अर्जुनको पनि विवेक ज्ञान आवृत भएको देखिन्छ ।" (पृ० ३६ तृतीय परिच्छेद)

यसको चित्र यस्तो भो :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहं, मम

↓

शरीरका सम्बन्धी स्नेह, पातक लोक निन्दा आदि

↓

शोक मोहको उत्पत्ति

उहां नै फेरी तल ३७सौं पृष्ठमा लेख्नु हुन्छ :-

"शोक र मोहको कारण खोज्दा अहंकार र ममता फेला पर्छ । अहंकार र ममताको मूलकारण हो अज्ञान .....अज्ञान नष्ट भए अहं ममजनित सारा शोक मोह विनष्ट हुन्छ ।"

यसको चित्र यसरी तयार हुन जान्छ

अहंकार

↓

शोक मोह (चिन्ता र अविवेक झोड़आवरण)

उपरोक्त परिच्छेदहरूमा- पहिलो परिच्छेदमा अज्ञान (मोह) वा स्वरूपको विस्मरण भए पछि अहंकार पैदा हुन जान्छ र फलस्वरूप नाना चिन्ता कामनाहरू उठ्न थाल्ने कुरो बताइएको छ । यसरी अहंकारको कारण स्वरूपको विस्मृति (अज्ञान) हो भन्ने देखियो ।

तर फेरी "शोक र मोहको कारण खोज्दा अहंकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र ममता फेज्ञा पर्छ" भनिएको छ । यहां शोक मोह (अज्ञान) लाई कार्य र अहंकारलाई कारण भनेर बताइयो ।

यदि अहकार कार्य हो भने अहंकारको नाश हुँदा अज्ञान कसरी नाश हुन्छ ? र फेरी यदि शोक मोह कार्य र अहकार कारण हो भने शोक मोहको निवृत्ति बाट कारण अहकार कसरी नाश हुन सक्छ ?– नाश हुन्छ भनिन्छ भने यस्मा के प्रमाण छ ? कार्यको नाश बाट कारणको नाश हुंदैन भनेर तर्क दिन सकिन्छ– हांगापात काटेर रूख मर्दैन । अथवा घैंटो फूटाएर माटोको नाश हुंदैन ।

हेर्दौं, बेला बेलामा (सुषुप्ति, समाधि, सन्धिकाल मूर्च्छा आदिमा) अहंकार रहंदैन किन्तु मानिस कृत कृत्य भएको देखिंदैन । यसको कारण हो अज्ञान (आवरण) को चिरञ्जीवीता ।

उसो भए शास्त्रको रहस्य के हो त ?

शास्त्रको रहस्य हो अज्ञान (शोक र मोह) को विनाश भए अहंकार स्वतः खतम भै हाल्छ । मूल नै नाश भए पछि हांगा र पातको कुरै गर्नु परेन । यही शोक मोह निवृत्त गर्नु गीता शास्त्रको लक्ष्य हो ।

कविराजजीको लेखवाट निस्केको चित्रलाई अब एकै ठाउँमा जोडेर तुलनात्मक दृष्टिले हेर्दौं :—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्र १ (३६ पेज प्यारा १)	चित्र २ (३६ पेज प्यारा २)	चित्र ३ (३७ पेज प्यारा १)
१) शोक मोह	१) अहं मम	१) अहंकार
२) अहंकार	२) स्नेह र वियोगघाट हुने पातक, लोक निन्दा (नाना प्रकारका दुःख)	२) शोक मोह
३) नाना प्रकारका दुःख	३) शोक मोह	३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्र नं. १ मा शोक मोह, १ नं मा आयो– चित्र २ मा आएर त्यो शोक मोहको श्री ५ को सरकारको कर्मचारी भैं डिमोशन भो ३ नं. मा । ३ नं. चित्रमा फेरी शोक मोहको २ नं. मा प्रमोशन भो । त्यस्तै हालत अहंकारको पनि छ– १ नं. मा ग्याजेटेड् दोश्रो श्रेणीको अहंकारले २,३ मा गएर ग्याजेटेड् प्रथम श्रेणि भेट्टाएको छ । के यो वेदान्तको नयां प्रक्रिया त होइन ?

अपरिमार्जित विचारवाट लेखक र पाठक कसैको पनि कल्याण हुनु त परै जावस गोलमाल तन्त्रमा पर्दछन् । लोक निन्दा आदि कारणले शोक र मोहको उत्पत्ति भएको स्पष्ट देखिन्छ भन्नु गीताजी सग विल्कूल अपरिचित हुनु हो । किनभने अर्जुनले स्पष्ट भनेका छन्– "हजुरको प्रसादले मेरो मोह नष्ट भयो, स्वरूपको स्मृति प्राप्त भएको छ र म सन्देह रहित भएको छु (अज्ञान रहित भएको छु)– शोक मोह नै अहंकार र नाना प्रकार दुःखको जननी भएकोले भगवान श्रीकृष्णले त्यही शोक मोहलाई परिसमाप्त गर्ने उपदेश दिनु भो । अर्जुनले मेरो अहंकार नष्ट भयो भनेनन् वरु स्पष्ट सग मोह नष्ट भयो भनेका छन् ।

जव गीताको सुरु देखि अन्त अर्थात् उपक्रम, उपसंहार र फलितार्थ नै शोक मोहको निवृत्ति गर्नु हो (२।११, १८।६६, १८।७३) तव कविराजजीले शोक, मोहलाई कार्य र अहंकारलाई त्यसको कारण भनी कुन पृष्ठ भूमिमा निर्देश गर्नु भो ? वेदान्तमा स्वकपोल कल्पित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रक्रिया किम्वा अर्थ हुनु नसुहाउंदो मात्र हैन त्यसो हुनु अशोभनीय पनि हो– किनकि विद्वद्अनुभूतिमा त्यो मेल खांदैन यसैले शास्त्र र युक्तिले पनि त्यसलाई साथ दिंदैन । फलतः विद्वद् समाजमा त्यो हास्यास्पद हुन जान्छ अनि परिश्रम बालुवामा पानी पोखे बराबर हुन जान्छ । यसो हुनामा एकमात्र कारण हो गुरुपसत्तिको अभाव । स्वच्छन्दतालाई नियंत्रण गरी शास्त्रीय, युक्ति र अनुभूतिको मार्गमा प्रवृत्त गराई दिने श्रीगुरु नै हो अस्तु

अर्को एउटा सानु किन्तु गहीरो प्रसंगलाई कविराजजीले नयां ढंगले प्रस्तुत गर्नु भएकोछ :—

"शोक मोह विनष्ट भए जीवित दशामा नै मनुष्यले परमानन्दको पूर्ण अनुभव जीवन्मुक्त स्थिति पाउने मात्र होइन, स्वयं परमानन्द रूपले विराजमान हुन्छ ।"

'पृष्ठ ३७, दोस्रो प्यारा'

जीवन्मुक्त स्थिति र स्वयं परमानन्दरूपले स्थितिमा के अन्तर छ ? शब्दकोषमा शब्दको भण्डार हुन्छ तिनीलाई झिको प्रयोग गर्ने हो भने अर्कै प्रक्रिया र प्रणालि हो नभए आपसमा असगति पूर्ण प्रयोग हुनु कविराज जी जस्ता विद्वानलाई शोभनीय होइन ।

अवश्य हो, शोक मोहको आत्यन्तिक निवृत्ति भए साधक जीवन्मुक्त अवस्थामा पुग्दछ । यिनलाई ब्रह्मवित् भनिन्छ । "आत्मवित् शोकवाट तर्दछ" भन्ने आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उक्तिबाट उक्तकुरा सिद्ध हुन आउँछ । 'जीवन्मुक्ति' को दुई अर्थ हुन जान्छ– (१) जीवन्मुक्ति अवस्था र (२) जीवन्मुक्ति स्थिति । (१) ज्ञानीको शरीरबाट कामकाज हुनु त्यसैले तटस्थ दृष्टिबाट जीवन्मुक्त पुरुषमा पनि अविद्यालेश देखिन्छ । यो अविद्यालेश जीवन्मुक्तको दृष्टिमा हैन– ऊ त अज्ञानान्धकारबाट पार तरी सक्यो । ब्रह्म नं भै सक्यो आचार्य शंकर भन्नु हुन्छ ब्रह्मज्ञानी ब्रह्म नै हुन्छ । उसको दृष्टिमा त एक ब्रह्म सिवाय नाना केही पनि छैन ।

(२) एकमात्र ब्रह्म वस्तुको विद्यमानता हो जीवन्मुक्त स्थिति । यस भन्दा परको प्राप्तव्य वस्तु केही छैन ।– जीवन्मुक्त स्थिति नै परमानन्द रूपले विराजमान हुनु हो ! जीवन्मुक्त स्थिति आर्कै र परमानन्द रूपले विराजमान हुनु आर्कै हैन ।

अवस्था र स्थिति बारे विशेषतया थाहा पाउन अद्वैत संस्था नेपालमा पाइने अद्वैत वेदान्तका नेपाली प्रक्रिया एव प्रमाण परक ग्रन्थहरू हेर्न अनुरोध गर्दछु ।

अब हामी गीताको सन्देश के हो ? भन्ने तिर एक छिन जाऔं । गीता प्रारंभ हुनामा एकमात्र कारण हो अर्जुनको शोक र मोह । अर्जुनलाई शोक र मोह नभएको भए गीतोपदेश हुने थिएन । उसो भए गीताको सन्देश हो अद्वैत ज्ञान गर्नामा, "कर्म गर" भन्नामा होइन । निष्काम कर्म त्यस अद्वैत ज्ञानमा अर्जुनको लागी सहायक सिद्ध हुने देखी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमात्माले प्रसंगमा संझाउनु भएको हो । कविराजजीले लेख्नु भए झैं गीताको सन्देश "कर्म गराइनुमा नै भएको भए गीताजीले सर्व कर्म सन्यास पूर्वक ज्ञान निष्ठाको उपदेश नगर्ने थियो र फलस्वरूप अर्जुनले "मेरो मोह नष्ट भो" नभनी अब म कम गर्दछु मात्र भन्ने थिए । यसैले गीताको सन्देश र लक्ष्य हो परमार्थ सत्य अद्वैत ब्रह्म वस्तुको प्राप्ति गराउनु । यसैले प्रारभमै भगवानले कर्म गर "नभनीकन आत्माको अद्वितीयताको बारे बताउनु भएकोछ ।

"मामनुस्मर युध्य च" अवश्य गीताको महत्वपूर्ण उक्ति हो तर महत्वपूर्ण हुनाको कारण के हो ?– भगवत् स्मरण पूर्वक कतव्य पालन गनु पर्छ भन्ने उक्त श्लोकका अर्थ हो यसमा दुइमत छैन तर भगवत् स्मरण पूर्वक कतव्य गारनुको स्वरूप के हो र त्यसको फल के हो ? कविराजजीले प्रष्ट्याउनु भएन । मात्र कहिं कर्मको प्रशसा राख्नु भो त कहीं "यामिमां पुष्पितां वाच" आदिलाई राखी कर्मलाई महत्व दिनु भएन ।

"मामनुस्मर युध्य च" ले भगवानले निष्काम कर्म भक्तिलाई इंगित गनु भएछो छ । यत्तिमात्र भनेर लेख समाप्त गर्नु केही विशेषता भएन । निष्काम कर्म योग भनेको के हो ? अथवा कर्म योगको स्वरूप के हो ? स्वरूप नबुझिकन त्यसमा प्रवृत्त हुन कोही सक्तैन तसर्थ कर्म योगी आज भोली कोही देखिदैन । वासुदेव परमात्मामा कर्ता भावको समर्पण हो कर्म योग । कर्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भै रहंदा (शरीर ईन्द्रियबाट काम भै रहंदा) ईच्छा उठेन भने कर्ता भाव उठ्न पाएन : पदपदार्थमा ईच्छालाे कर्ता भावलाई उठाई दिन्छ । साधकको ईच्छा उठेन त कर्ताभाव पनि उठ्न पाएन । कर्ताभाव उठ्न नपाए पछि त्यो स्वाभाविक रूपले वासुदेव परमात्मामा समर्पित हुन जान्छ । यो हो 'मामनुस्मर युध्य च' को स्वरूप । यसको फल के हो ? यसको फल हो चित्तको शुद्धि । जसरी सुन आगोमा पोले पछि आफ्नो शुद्धतालाई प्राप्त गर्दछ उसैगरी कर्ता (चित्त) लाई वासुदेव परमात्मा मा जोडे पछि त्यसले आफ्नो शुद्धता (चित्तको अन्त र्मुखता र निश्चलता) प्राप्त गर्दछ- र अन्ततः ज्ञानयोगको लागी योग्यता प्राप्त गरी बुद्धिपूर्वक स्वस्वरूप लाई प्राप्त गर्दछ ।

जो मानिस गीता-मार्गमा अग्रसर हुन्छ किम्वा गीताको सोपान कर्म-योगलाई जसले हृदयगम गर्दछ उसको ईच्छा नउठ्ने भएकोले कर्ता भाव उद्भूत हुन पाउदैन यही कर्ता भाव नहुनुको नाम "कर्मण्यवाऽधिकारस्ते माफलेषु कदाचन" को अर्थ । फलको ईच्छा नहुनुको अर्थ केहो ? "मेरो भैंसी ब्यावोस" नभन्नु हो कि ? वा "छोरा होस्" नभन्नु हो कि ? वा यसोहोस्, उसोहोस् भन्ने कामना नराख्नु नै हो कि ? त्यसो हाइन । फलासा नहुनुको अर्थहो कर्ताभाव नउठाउनु- त्यो कसरी हुन्छ ? मनमा ईच्छा नउठे । यही हो कर्म योगको रहस्य- अथवा गीतोक्त साधनरूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'मामनुस्मर युध्य च' को स्वरूप र फल । यसो भए मानै ईश्वरको अनुस्मरण पूर्वक कर्म गरेको काम लाग्यो नत्र व्यर्थ कलमको व्यापारमात्र हुन जान्छ ।

कामना रहित नभैकन मानिसको ईश्वर स्मरण अव्याहत कसरी हुन सक्तछ ? यो संभवनै छैन "सर्वपु कालेषु माम अनुस्मर" भन्ने भगवानको वाक्यले ईश्वर स्मरण अक्षुण्ण रहनु पर्ने कुरा दर्शाउनु भएको छ । ईच्छाको सम्यक परित्याग भए कर्नाभाव सदा ईश्वर समर्पित हुन सक्तछ र फलतः वासुदेव देवी आफू भिन्न नभएको हुनाले ईश्वर स्मरण अक्षुण्ण हुन सक्तछ छ । चित्तलाई स्वीकार गरिकन सधै अनन्यरूपले ईश्वरको स्मरण वन्न सक्तैन- यसैले स्वामी-ईश्वरानन्दको परम प्रिय सृष्टिदृष्टिवाद मुमुक्षुका लागी उपकारी हुन सक्तैन किनकि चित्तलाई समाधिस्थ बनाई राखे सम्म "मामनुस्मर" सभव होला तर "युध्य च" त्यस वेला हुन सकेन । फेरी "युध्य च" (व्यवहार हुंदा) "मामनुस्मर" नहुने भयो- दुइटै एकै चोटी नभए नहुने; यसैले स्वामिजीका धारणा गीता- विरुद्ध साबित हुन्छ ।

कर्मयोगमा लागेको मानिस त के कर्मयोग बुझेकैमानिस पाइन दुर्लभछ । अध्ययन मण्डन र गीताको कर्मयोग बुझनु एउटै कुरो हैन । कर्मयोगमा लागेको मानिसको लागी भौतिकवाद सुमधुर लाग्दैन- संसारमा सुमधुरता हो अकर्म र अयुक्तताको ज्वलन्त चिन्ह । एकजना गीताका बाबाले भन्नुभा- अध्यात्मवाद र भौतिकवादको सुमधुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समन्वयको निम्ति सृष्टिदृष्टिवाद नै सामञ्जस्य छ– यसमा केही सन्देह छैन– संसारको सुमधुरताले गृहस्थलाई त दुष्पीमा समात्दछ लौ भनुं, किन्तु चतुर्थ आश्रमकालाई जस्को समात्न दुष्पीनै छैन कसरी जकड्यायो ? आश्चर्य हो । कर्माविष्ट मानिसले कर्मको गायन गर्नु स्वाभाविकै हो; जस्तो विद्वन्मूर्धन्य (१) मधुसूदन सरस्वतीजीले गीताजीको व्याख्यामा ज्ञानयोगको प्रारंभिक भूमिकामा" मलाई त यमुनाजीको किनारमा छम छम् दौडी रहने श्याम आफ्नो आँग्वा अगाडी संघै घुमी रहे भयो "भन्ने उद्गार व्यक्त गर्नु भो । यो दृष्टि भेद्को कुरो हो । ज्ञानिसको दृष्टि नै सर्वोत्तमा ठिक मानिन सक्तैन त्यो दृष्टि शास्त्र सम्मत पनि हुनु पर्दछ ।

"तस्मात् सर्वेषु कालेषु मामनुस्मर युध्य च" भन्ने गीता ८७ को यो मार्मिक उपदेश द्वारा "युद्ध पनि गर" भन्नु भएको होइन । कविराजजीको अर्थ गराई– ईश्वरको स्मरण गर मात्र नभनेर युद्ध पनि गर भनी भगवान कृष्णले कर्म र उपासना, व्यावहारिक एवं आध्यात्मिकताको उपदेश दिनु भएको कुरा अभिव्यक्त हुन्छ । अर्थात् यी दुवै साधनलाई संगै अपनाएर मात्र मनुष्य आफ्नो कर्तव्य पूरा गर्न सक्छ" भन्नु गीताजीको आशय माथि कुठाराघात हो किनभने एकैजना एकैचोटी ईश्वर स्मरण (उपासक) र कर्मको कर्ता कसरी बन्न सक्तछ ? अतः यहां परमात्माको अभिप्रायः हो संघै ईश्वरको स्मरण गर र तिम्रो संस्कार वसात हात गोडा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाट युद्ध रूप कर्म पनि सम्पादन भै रहन्छ । यसो भए पछि यहां कर्ता कोहो बन्न पाएन । कर्ता बन्नु नपरेकोले (युद्ध संस्कार वशात् हुने भएकोले) युद्ध र ईश्वर स्मरण एकै कालमा बन्ने भयो । कर्ता कोही नभएकोले अकर्म पनि बन्यो । संस्कारले काम हुन्छ भन्ने कुरा देखाएर चित्तलाई सम्पूर्णतः ईश्वरार्पण गराउनु गीताको क्रम हो यसै क्रमले मात्र चित्त शुद्ध हुन सक्छ, चित्त ईश्वराभिमुखि हुनासाथ चित्तमा भएको अशुद्धि बलात् छुट्न थाल्दछन्– आगोको अगाडी राखिएको सुनले अशुद्धिपना त्यागे झैं कर्ताभाव स्वीकार गराउनु गीताको क्रम हाइन । यस क्रमले चित्त कहिले पनि शुद्ध हुन सक्तैन । सारा गर्ने गराउने ईश्वर हो– विराट् स्वरूपको प्रदर्शनको रहस्य पनि यही कर्ताभावलाई निराश गर्नको लागी हो । अतः यहां युद्ध शब्दको विकल्पको रूपमा मात्र सकिने आ-आफ्नो वर्ण आश्रम स्थान, मान अनुसार निर्धारित कर्तव्य पालन गर्नु पर्छ भन्ने आशय होइन अपितु ती सारा कर्तव्य संस्कार वश पालित हुन्छन भन्ने आशय हो । अन्यथा कर्तव्य पालन गर्ने १ जना मानिस चाहियो, त्यो मानिसलाई स्थूल शरीर हो भनिएमा स्थूल शरीर कसैको प्रेरणा विना चल्दैन– त्यो प्रेरक कर्ता (चित्त) हो तब ईश्वर स्मरणमा त्रुटी भ हाल्यो– "सर्वेषु कालेषु मामनुस्मर" हुन सकेन । यसैले क्षत्रीय संस्कार मुताबिक युद्ध चली रहन्छ तिमी मलाई सम्झ भन्ने भगवानको आशय हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवेक चूडामणिको अनुवादमा

श्री मुनीलालजीको भयङ्कर भूल ।

स्व० श्री मुनीलालजीले जो सन्यासाश्रममा सनातन-देव नामले प्रख्यात हुनु भएको छ अद्वैत वेदान्तका धेरै धेरै ग्रन्थहरूको अनुवाद गर्नु भएको छ । तिनीहरूमा भगवान शंकराचार्यको विवेक चूडामणि पनि सम्मिलित छ । यसो त वेदान्त प्रेमी मुमुक्षुहरूलाई जो संस्कृत भाषा सग अपरिचित छन् उहांको अनुवादले उपकार नै गरेकोछ किन्तु यस उपकारले उपकारको साथै साथ ब्यादा अपकार पनि गरेको छ ।

यद्यपि अद्वैत वेदान्त स्वात्म-विषयक परिचर्चा मै परिसमाप्त हुन्छ तथापि यसमा विवेचित सूक्ष्मातिसूक्ष्म विषयहरूलाई हृदयङ्गम गरी उनलाई सर्व साधारणको समक्ष राख्नु साधारण कुरो होइन । सुधिहरूको कर्तव्य हो पूर्वाचार्यहरू द्वारा वर्णित विषयहरूलाई श्री गुरुमुख-बाट श्रद्धा पूर्वक सुनी तिनलाई हृदयमा राम्ररी अवधा-रण गर्नु र त्यसलाई सर्वजन हिताय सबैको अगाडि राखी दिनु । अनुभव नभएका विषयहरूलाई अगाडि राख्नाले विचार प्रवाह असमन्वित हुनु त स्वाभाविक नै हो यसको साथै साथ विद्वद् अनुभूतमा मेल पनि खादैन, फलतः परिश्रम निरर्थक हुनाको साथै हास्यास्पद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि हुन जान्छ ।

दुइचार प्रतिष्ठित विद्वानहरूको प्रवचन, लेख, अनुवाद व्याख्या सुन्ने हेर्ने तथा पढने सुयोग मैले पाएको हूँ । हुनत उहांहरू सबै सास्त्रका ज्ञाता थिए किन्तु अनुभवको कसौटीमा उहांहरूको विचार टीक्न सकेनन् ।

भगवान शङ्कराचार्यको ग्रन्थमा दुइ प्रकारका भूल हुन्छन् भनेर बताइएको छ । (१) सामान्य भूल र (२) भयङ्कर भूल । यसैलाई अध्यास नामले वर्णन गरिएकोछ । यद्यपि अध्यासको बारेमा विभिन्न संप्रदायहरूको विभिन्न मतवाद छन् तर ती अनुकरणीय छैनन् । आचार्यले बताउनु भएका अनिर्वचनीय ख्यातिनै ग्रहण योग्य छ । (अद्वैत संस्था नेपालमा पाइने चतू : सूत्री ग्रन्थको पृष्ठ ..... द्रष्टव्य) ।

उपरोक्त दुइ प्रकारका भूलहरूको विषयमा सङ्क्षेपतः यसरी बुझ्न सकिन्छ :-

१) सामान्य भूल- डोरीमा सर्प-बुद्धि हुनु । यद्यपि यो पनि भूल नै हो परन्तु सामान्य कोटीको भूल हो किनकि यदि सर्प भनी ठानिएको डोरीलाई अचानक कुल्चिन गयो भने पनि उसको कुनै हानी हुंदैन । डोरीले डस्न सक्तैन ।

२) भयङ्कर भूल- सर्पमा डोरी-बुद्धि हुनु । यो भूल भयङ्कर हुनाको कारण के हो भने यदि कसैले सर्पलाई डोरी भनी ठानेर कुल्चन्छ या समात्दछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भने डोरी भनी ठानिएको सर्पले तुरुन्त डसी दिन्छ फलस्वरूप त्यसको मरण हुन जान्छ ।

यो दृष्टान्तलाई द्राष्टान्तमा यसरी सम्झाउन सकिन्छ–

आफूलाई संसारी (सुखी दुःखी) भनेर ठान्नु वा मान्नु यद्यपि जन्म–मरणरूपी क्लेश दायक हो तापनि यो भूल कम प्रयत्नले नै छुटाउन सकिन्छ ।

किन्तु अनात्मामा आत्मबुद्धि गर्नु अर्थात् ससारी (कर्ता भोक्ता) लाई स्व–स्वरूप भनेर ठान्नु भयावह हो यो भूल कम प्रयत्नले छुट्दैन ।

पहिलो भूलमा प्रायः सर्वसाधारण समाज परेको छ । यिनोहरू त्यसैले परम्पराक्रमले आफूलाई सुखी दुःखी (अज्ञानी) सम्झन्छन् श्री गुरुको उपदेश सुन्नासाथ (साधारण कृपाबाट नै) यस भूलबाट मुक्त भएर आफूलाई शुद्ध, बुद्ध एव सदामुक्त सम्झन्छन् जस्तो अद्वैत सस्था नेपालका गुरुभक्त श्रद्धालु सदस्यहरू ।

दोस्रो भूलमा प्रायः पढ़े लेखेका (शास्त्रज्ञ समाज परेका हुन्छन् । यिनोहरूमा सामान्य भूल त थियो नै, त्यसमा "शास्त्रज्ञ हूँ" भन्ने दोस्रो भूल पनि जोडिन गयो र झन भूल प्रगाढ हुन गयो । श्री गुरु उपदेश दिनु हुन्छ कि "तिमी शुद्ध चेतन हौ" किन्तु शास्त्रज्ञको ज्ञाता त्यस कुरालाई सहसा स्वीकार गर्दैन र सम्झन्छ कि "म पनि त कम ज्ञाता होइन" । यसरी बुद्धिको भरोसामा परेको मानिस शतकोटी जन्ममा पनि आफू-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई शुद्ध चेतनरूपमा अनुभव गर्न सक्तन । मधुसूदन सरस्वती, स्वामी विद्यारण्यजी, स्वामी करपात्रीजी आदि यसमा प्रकृष्ट प्रमाण हो ।

अध्यास प्रसगलाई सु-स्पष्ट गर्नाका लागि भूमिकाको रूपमा मैले परमपूज्य प्राच्य पाश्चात्य सर्व विद्याकुशल सुप्रशिद्ध शिक्षाविद् श्रोत्रिय ब्रह्मनिष्ठ शिवराम पुरुषोत्तमानन्द महोदय (डा. क्षितीशचन्द्र चक्रवर्त्ती एम. ए. डि फिल. वि. एल.) को अनुकम्पा एव आदेशानुसार उपरोक्त स्पष्टिकरण दिएका हूं ।

अब हामी प्रसंग तिर लागौं ।

ग्रन्थ —

श्री मदाद्यशङ्कराचार्य विरचित
विवेक चूडामणि
हिन्दी अनुवादसहित

०

अनुवादक — मुनिलाल
मुद्रक तथा प्रकाशक — घनश्यामदास जालान्
गीताप्रेस, गोरखपुर ।

सं० २००६ सातवां सस्करण ।

विषय :- अध्यास पृष्ठ ४६-४७-४८
अनुवादमा त्रुटी गरिएको श्लोक-१४०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रस्तुत १४० सौं श्लोक यो हो—

अतस्मिंतद्बुद्धिः प्रभवति विमूढस्य तमसा
विवेकाभावाद्वै स्फुरति भूजगे रज्जुधिषणा ।
ततोऽनर्थव्रातो निपतति समादातु रधिक-
स्ततो योऽसद्ग्राहः स हि भवति बन्धः श्रृणुशखे ।

विद्वान स्व० श्री मुनीलालजीको अनुवाद :—

"मूढ पुरुषको तमोगुणके कारण ही अन्य में अन्य-बुद्धि होती है; विवेक नहोने से रज्जु मे सर्प बुद्धि होती है, ऐसी बुद्धि वालेको ही नाना प्रकारके अनर्थोंका समूह आ घेरता है; अतः हे मित्र ! सुन, यह जो असद्ग्राह (असत्को सत्य मानना) है वही बन्धन है ।"

आचार्यले यस श्लोकमा भयङ्कर भूलको विषय उल्लेख गर्नु भएको छ । आचार्यको स्पष्ट कथन छ– "विवेका भावाद्वै स्फुरति भूजगे रज्जुधिषणा" । यसको अर्थ विद्वान महादेयले "रज्जुमे सर्प– बुद्धि होना" भनेर गर्नु भएकोछ । यस श्लोकको अर्थ यस्तो हो :–

"मूढ पुरुषलाई तमो गुणको कारणलेनै एउटामा आर्को बुद्धि (अन्यमा अन्य बुद्धि) हुन्छ, विवेक नहुनाले नै सर्पमा डोरी बुद्धि हुन्छ; यसतो बुद्धि भएकालाई नै नाना प्रकारका अनर्थ हरूको समूहले घेर्दछन् । त्यसकारण हे मित्र ! सुन यो जो असद्ग्राह (भूललाई सांचो मान्नु)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो त्यो नै वन्धन हो।"

किनकि यस श्लोकको दोश्रो चरणमा प्रयुक्त अधिष्ठान शब्द सप्तमी विभाक्तिको एकवचन हो। "भूजगे" भन्ने शब्दवाट "सर्पमा" भन्ने अर्थ बुझिन्छ। यसको सट्टा "ढोरीमा" अर्थ गरेर मुनिलालजीले आफ्नो अनुवादमा भयङ्कर भूल एव अनिभिज्ञताको चिन्ह प्रकट गर्नु भएको छ। "ढोरीमा" भन्नको लागी "रज्वाम्" शब्द प्रयोग हुनु पर्दछ। जस्तो "रज्वां भुजङ्गमईव प्रतिभासितं वै" (आचार्य कै प्रातःस्मरणम् स्तोत्र हेर्नु होला)।

"ढोरीमा सर्प देख्नु" भन्ने दृष्टान्त वेदान्तमा अत्यन्त प्रसिद्ध छ। यसको साथै "सर्पमा ढोरी देख्नु" भन्ने दृष्टान्त पनि पाइन्छ। विवेक चूडामणि यस कुरामा प्रकृष्ट प्रमाण हो। किन्तु बहु-शास्त्रज्ञ मानिस पनि अनुभव-राहित्यले गर्दा आचार्य प्रयुक्त दृष्टान्तलाई वग्याउने कुचेष्टा वा धृष्टता गर्दछन् यो कथमपि सह्य होइन- यसप्रकारको धृष्टता धेरैले गरे, तीनमा सुविख्यात गीता प्रेसबाट प्रकाशित एवं मुनिलालजी द्वारा अनुदित विवेक- चूडामणि ज्वलन्त प्रमाण हो।

अद्वैतवेदान्तको अभ्रान्त व्याख्या अद्वैत संस्था नेपालको सौजन्यतावाट आज भगवान श्री पशुपतिनाथको देश, परमपवित्र भूमि उत्तराखण्ड नेपालमा मात्र पाइन्छ। यस संस्थाका संस्थापक परमादरणीय शिवराम पुरुषोत्तमानन्दजी (ब्रह्मनिष्ठ डा० क्षितीशचन्द्र चक्रवर्ती) द्वारा लिखित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली भाषाका ग्रन्थ– रत्नमा नै भगवान शंकर वशिष्ठको वास्तविक अर्थ पढन पाइन्छ ।

विशाल भारतको ख्याति प्राप्त लेखकको लेखनीवाट त्रुटी हुनु सामान्य कुरो हो भन्न सुहाउँदैन– विषयानुसन्धानमा प्रमाद नै यसको एकमात्र कारण हो भन्न सकिन्छ ।

खैर, जेहोस्,– हुने कुरो भै नै हाल्यो । आगामि प्रकाशनमा यस्ता त्रुटी हुन नपावस् र भएका गल्ती हरूलाई सुधार गरियोस् । यसैमा कल्याण होला !

उपसंहार :–

अद्वैत वेदान्तको व्याख्या, पदच्छेद, अनुवाद, आदिमा गरिएका विरोध, भएका त्रुटी, प्रमाद एवं अनुदारतादिलाई शास्त्र, युक्ति, एवं अनुभूति पूर्वक सुधार गरीदिनको लागी अद्वैत सस्थामा "विरोध विमर्श विभाग" नामक एउटा विभाग स्थापना गरिएको छ । शास्त्र सम्मत शङ्काहरूको (वितण्डाको होइन) समाधान पनि गरिन्छ । मुनिलालजीको अनुवादमा सुधार गर्ने सुझाव पनि यही विभाग दी रहेछ ।

—लेखक

धन्यवाद !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखकका अन्यान्य रचनाहरू

१. भ्रम निराकरण

२. पञ्चदशी : एक अध्ययन

३. अद्वैतवाद

४. वेदान्तको व्याख्यामा असाधारण भूलहरू (प्रेसमा)

५. अनन्त स्वामी श्री अखण्डानन्द सरस्वती कृत माण्डूक्य कारिका प्रवचन : अद्वैत प्रकरणको विशेष समालोचना (प्रेसमा)

६. स्वामी हरिहरानन्द (करपात्री) कृत "अहमर्थ और परमार्थ सार" को मार्मिक समालोचना (प्रेसमा)

मुद्रक :– भारती प्रेस, नारायणगढ चितवन नेप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu